ह्युमन राइट्स
एण्ड जस्टिस सेन्टर

# द्वन्द्वसँग सम्बन्धित यौन हिंसाबारे तथ्य पुस्तिका

# क पृष्ठभूमि : नेपालमा सङ्क्रमणकालीन न्याय

वि.सं. २०५२ देखि २०६३ सम्म नेपाल राज्य पक्ष र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) पक्षबीच आन्तरिक द्वन्द्वको स्थल रहेको थियो । सो समयमा ठूलो सङ्ख्यामा मानव अधिकार उल्लङ्घनका घटनाहरू भएको रेकर्ड गरिएका थिए । रेकर्ड गरिएका झण्डै ९ हजार उल्लङ्घनका घटनाहरूमा १,५०० देखि २,००० जति घटना यौन हिंसासँग सम्बन्धित थिए ।[१]

२०६३ मंसीर ५ गते राज्य पक्ष र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको बृहत् शान्ति सम्झौताअनुसार द्वन्द्वकालीन मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्न संसदले २०७१ सालमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन (सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन) २०७१ बनायो । यस ऐनअन्तर्गत दुईवटा आयोग गठन भए – बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग । यी आयोगहरूको कार्यजिम्मेवारीमा सशस्त्र द्वन्द्वको समयमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका घटना लगायत मानव अधिकारहरूको घोर उल्लङ्घनका घटनामा संलग्न व्यक्तिहरूको सत्य अन्वेषण गर्नु, समाजमा मेलमिलापको वातावरण सिर्जना गर्नु, ती घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्नहरूविरुद्ध कानुनी कारवाही र ती घटनाका पीडितहरूका लागि क्षतिपूर्तिको सिफारिस गर्नु रहेका थिए ।[२]

२०७९ चैत्र ५ गते सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्ने विधेयक संसदमा प्रस्तुत गऱ्यो जुन अझै पनि संसदमा विचाराधीन रहेको छ । उक्त बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्ने विधेयकमा, विशेष गरी क्षतिपूर्तिका सन्दर्भमा केही सकारात्मक व्यवस्था राखिएका भए पनि यसमा अन्य कतिपय त्यस्ता प्रावधानहरूसमेत राखिएका छन्, जुन अन्तर्राष्ट्रिय मापदण्ड र नेपालको राष्ट्रिय अदालतले गरेका निर्णयहरूसँग पूर्णरूपमा मेल खाँदैन (तल हेर्नुहोस्) ।[३]

# ख परिभाषा

## ख.१ यौन हिंसाको परिभाषा

विश्व स्वास्थ्य सङ्गठनले यौन हिंसालाई यसरी परिभाषित गरेको छ : कुनै पनि ठाउँ वा वातावरणमा, चाहे यो घरमा होस् वा काम गर्ने ठाउँमा, चाहे पीडितसँग जुनसुकै सम्बन्ध रहेको होस्, कुनै पनि व्यक्तिबाट गरिने कुनै पनि यौनजन्य कार्य, यौनजन्य क्रियाकलाप प्राप्त गर्ने प्रयास, अवाञ्छित यौनजन्य टिकाटिप्पणी, व्यवहार वा प्रस्ताव, वा जोरजुलुम गरी यौन कार्यमा लगाउने वा व्यक्तिको यौनिकताविरुद्ध निर्देशित कार्यलाई यौन हिंसा भनिन्छ (विश्व स्वास्थ्य संगठन, २०११)। [४]

यौन हिंसामा मौखिक उत्पीडनदेखि यौनाङ्गमा जबरजस्ती प्रवेश गराउने कार्य र सामाजिक दबाब, धम्कीदेखि शारीरिक बल प्रयोगसम्मका विभिन्न प्रकारले जोरजुलुम गर्ने कार्यहरू पर्दछन् ।

**सम्झनुपर्ने कुरा :** जोरजुलुमभित्र विभिन्न मात्रमा बल प्रयोग गर्ने, मनोवैज्ञानिक दबाब दिने, ब्ल्याकमेल गर्ने वा धम्की दिने (शारीरिक हानि गर्ने वा जागिर/ग्रेडवृद्धि आदि नदिने जस्ता) कार्यहरू पर्दछन् ।

यौन हिंसाभित्र देहायका कुराहरू पर्दछन्, तर यो नै पूर्णसूची भने होइन [५]:

- जबरजस्ती करणी (वैवाहिक सम्बन्धभित्र, प्रेमी प्रेमिकाबीच हुने, अपरिचित वा चिनजानका व्यक्तिबाट हुने, आदि) ।
- अवाञ्छित यौनजन्य टिकाटिप्पणी वा यौन उत्पीडन (विद्यालयमा, काममा, आदि)
- राज्य व्यवस्थाअन्तर्गत रहेका व्यक्तिहरूबाट हुने जबरजस्ती करणी, यौन दासत्व वा अन्य प्रकारका हिंसा, जुन धेरैजसो विशेष गरी सशस्त्र द्वन्द्वको समयमा हुने गर्दछ (जस्तै, जबरजस्ती गर्भवती बनाउने) ।
- मानसिक वा शारीरिक रूपमा अशक्त वा अपाङ्गता भएका व्यक्तिमाथि हुने यौन दुर्व्यवहार ।
- बालबालिकामाथि हुने जबरजस्ती करणी वा यौन दुर्व्यवहार ।
- यौन हिंसाका प्रथागत स्वरूपहरू, जस्तै जबरजस्ती विवाह गर्नु[६] वा सहवासमा रहनु ।

## ख.२ द्वन्द्वसँग सम्बन्धित यौन हिंसा

संयुक्त राष्ट्रसङ्घका महासचिवले परिभाषित गरेअनुसार द्वन्द्वसँग सम्बन्धित यौन हिंसा भन्नाले जबरजस्ती करणी, यौन दासत्व, जबरजस्ती वेश्यावृत्ति, जबरजस्ती गर्भाधान, जबरजस्ती गर्भपतन, जबरजस्ती बन्ध्याकरण, जबरजस्ती विवाह र महिला, पुरुष, केटी वा केटाहरूविरुद्ध गरिने यस्तै तुलनात्मक प्रकृतिका अन्य यौन हिंसालाई बुझाउँछ । [७]

द्वन्द्वसँग सम्बन्धित हिंसा लैङ्गिक अल्पसङ्ख्यकहरू (महिला समलिङ्गी, पुरुष समलिङ्गी, उभयलिङ्गी, पारलिङ्गी, अन्तरलिङ्गी वा क्वीअर (LGBTIQ+) विरुद्ध पनि तिनीहरूको यौनिक झुकाव तथा लैङ्गिक पहिचानका कारणले गरिएको हुन सक्छ, तर तिनीहरूविरुद्ध भएका यस्ता हिंसाका घटनाहरू एकदमै कम अभिलेख गरिएका छन् ।[८]

यी हिंसाहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा द्वन्द्वसँग जोडिएका हुन्छन्, जसलाई देहायका बुँदाहरूले स्पष्ट पार्न सक्दछ :

- यौन हिंसा पीडकको प्रोफाइल, जो प्रायः राज्य वा गैरराज्य सशस्त्र समूहसँग जोडिएका हुन्छन्, यसमा संयुक्त राष्ट्रसङ्घले आतङ्ककारी समूहहरू भनेर तोकेका समूहहरू समेत पर्दछन् ।
- यौन हिंसा पीडितको प्रोफाइल, जो प्रायः राजनीतिक, जातीय वा धार्मिक रूपमा उत्पीडित अल्पसङ्ख्यक वर्गका सदस्य, जो बारम्बार यौन हिंसामा परेका हुन्छन् वा हुन सक्छन् वा कथित यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा लक्षित पारिएका व्यक्तिहरू समेत पर्दछन् ।
- दण्डहीनताको वातावरण, यो सामान्यतया राज्यले कानुनी व्यवस्था गर्न असफल हुँदाको अवस्था र अन्तर्देशीय (जस्तै, विस्थापन) घटनाहरूसँग सम्बन्धित हुन्छ । द्वन्द्वसँग सम्बन्धित यौन हिंसाले द्वन्द्वकालमा यौन हिंसा अथवा शोषणका लागि हुने बेचबिखनका घटनालाई पनि समेट्छ ।
- युद्धविराम सम्झौताका शर्तहरूको उल्लङ्घन ।[९]

यसर्थ, परिस्थितिअनुसार, यौन हिंसा युद्ध अपराध[१०], मानवताविरुद्धको अपराध[११], नरसंहारको अपराध[१२] वा अन्तर्राष्ट्रिय फौजदारी कानुन, मानव अधिकार कानुन वा मानवीय कानुनको गम्भीर उल्लङ्घन हुन सक्छ ।

द्वन्द्वकालमा सार्वजनिक अधिकारी वा आधिकारिक हैसियतमा काम गर्ने अन्य व्यक्तिबाट, तिनीहरूको उक्साहटमा वा तिनीहरूको व्यक्त वा अव्यक्त सहमतिमा यौन हिंसा गरिएको हुन्छ । "सार्वजनिक अधिकारी" भन्ने शब्दले कानुन लागू गर्ने अधिकारी (प्रहरी) वा सुरक्षा फौजमात्र नभई साथै राज्यको प्रतिनिधित्व गर्दै राज्यको अधिकार प्रयोग गरी काम गर्ने व्यक्तिहरूलाई समेत बुझाउँछ । त्यसै गरी, "आधिकारिक हैसियतमा काम गर्ने अन्य व्यक्ति" भन्ने सन्दर्भले राज्यका तर्फबाट काम गर्ने निजी करारमा राखिएका व्यक्तिहरू, सरकारी निकाय सरह अधिकार प्रयोग गर्ने सबै गैरराज्य व्यक्ति वा समूहहरू (जस्तै निश्चित क्षेत्र वा जनसङ्ख्यामाथि वास्तविक नियन्त्रण राख्ने विद्रोही समूह) आदिलाई बुझाउँछ ।

यसर्थ, नेपालको सन्दर्भमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाले द्वन्द्वकालमा सरकारी फौजका तर्फबाट भएका यौन हिंसा र नेपाल कम्युनिष्ट पार्टी माओवादीका सदस्यहरूबाट भएका यौन हिंसालाई जनाउँछ ।

## ख.३ द्वन्द्वसँग सम्बन्धित यौन हिंसा र यौन हिंसाबीचको फरक

द्वन्द्वसँग सम्बन्धित यौन हिंसा र यौन हिंसाबीचको मुख्यमुख्य फरकहरूलाई देहायबमोजिम संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

| | यौन हिंसा | द्वन्द्वसँग सम्बन्धित यौन हिंसा |
|---|---|---|
| **परिभाषा** | पीडितको मन्जुरी विना गरिएका कुनै पनि यौनजन्य कार्य | सशस्त्र द्वन्द्वकालमा (आन्तरिक वा अन्तर्राष्ट्रिय) पीडितको मन्जुरी विना गरिएका कुनै पनि यौनजन्य कार्य, र जुन, परिस्थितिहरूअनुसार, युद्ध अपराध, मानवता विरुद्धको अपराध, नरसंहारको अपराध वा अन्तर्राष्ट्रिय अपराध कानुन, मानव अधिकार कानुन वा मानवीय कानुनको गम्भीर उल्लङ्घन हुन सक्छ । |
| **पीडक** | व्यक्ति | राज्य वा गैरराज्य सशस्त्र समूहमा आबद्ध सार्वजनिक अधिकार वा सार्वजनिक अधिकारी सरह अधिकार प्रयोग गर्ने वा राज्यको स्वीकृति, सहमति वा सहयोगमा कार्य गर्ने व्यक्ति |
| **नेपालमा लागू हुने कानुन** | - नेपालको संविधान २०७२<br>- मुलुकी ऐन २०२० (२०७५ भन्दा पहिलेको समयमा लागू हुने)<br>- मुलुकी अपराध संहिता, २०७४ (२०७५ सालभन्दा पछि लागू हुने) | - नेपालको संविधान २०७२<br>- बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१<br>- मुलुकी ऐन, २०२० |

# ग द्वन्द्वसँग सम्बन्धित यौन हिंसामा लागू हुने कानुन

## ग.१ नेपालको संविधान, २०७२

नेपालको संविधान देशको सर्वोच्च कानुन हो र यो अन्य कानुनहरूको मूल स्रोत हो । यसले राज्यको कार्य सञ्चालनसम्बन्धी नियमहरू परिभाषित गर्नुका साथै यसका नागरिक एवं यस देशभित्र रहेका सबै व्यक्तिहरूको मौलिक अधिकारहरूको संरक्षण गर्दछ । संविधानले महिलाका अधिकारहरूको विशेष संरक्षण गरेको छ र महिलाविरुद्ध हुने कुनै पनि प्रकारका शारीरिक, मानसिक, यौनजन्य र मनोवैज्ञानिक हिंसा वा शोषण लगायत सबै स्वरूपका हिंसालाई निषेध गरेको छ ।ज्ञघ यसले कुनै पनि बालबालिका कुनै पनि प्रकारका हिंसा वा यौन शोषणमा पर्ने छैनन् भनी निर्दिष्ट गरेर बालबालाकिाको अधिकारहरूको पनि संरक्षण गरेको छ ।ज्ञद्ध यस सम्बन्धमा, कुनै पनि पीडित महिला वा बालबालिकासँग देहायका कानुन बमोजिम कानुनी कारवाही अघि बढाउने र उनीहरूलाई भएका हानि तथा क्षतिको क्षतिपूर्ति पाउने अधिकार रहन्छ ।

**याद राख्नुपर्ने कुरा :** नेपालको संविधानले महिला र बालिकाहरू विरुद्ध हुने यौन हिंसा र तिनीहरूको विशेष संरक्षणाई स्पष्ट उल्लेख गरेको भए तापनि द्वन्द्वकालका द्वन्द्वसँग सम्बन्धित यौन हिंसा र द्वन्द्वकालका अन्य हिंसाबारे स्पष्ट उल्लेख गरेको छैन ।

## ग.२ बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१

यस ऐनअन्तर्गत स्थापित सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग दुवैले अन्य कुराहरूसँगै पीडित र पीडकको पहिचान गर्ने र पीडित तथा पीडितका परिवारहरूलाई क्षतिपूर्ति भराउने उपायहरू अपनाउन सिफारिस गर्ने उद्देश्य राखेका छन् ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनले विशेष गरी बलात्कार र यौन हिंसालाई मानव अधिकारको घोर उल्लङ्घन भनेर परिभाषित गरेको छ ।

**याद राख्नुपर्ने कुरा :** दुवै आयोगले सन् २०७४ भदौ ३ गतेसम्म मानव अधिकारहरूको घोर उल्लङ्घनका घटनाहरूको उजुरी लिएका थिए र अहिले दुवै आयोगहरूले त्यस्ता उजुरीहरू लिँदैनन् । तथापि, प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिअन्तर्गतको उपसमितिले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनमा संशोधन गर्ने विधेयकका सम्बन्धमा पेश गरेको एक प्रतिवेदनमा फेरि तीन महिनाको अवधि तोकी सशस्त्र द्वन्द्वकालमा जबरजस्ती करणी र गम्भीर यौन हिंसामा परेका पीडितहरूले फेरि उजुरी दिन पाउने कानुनी व्यवस्था विधेयकमा समावेश गर्न प्रस्ताव गरेको थियो ।[१५] स्मरणीय कुरा के हो भने यो प्रस्ताव मात्र हो र संसदबाट पारित भएमा मात्र यो लागू हुनेछ ।

दुवै आयोगलाई कानुनी अदालतका रूपमा कल्पना गरिएको छैन । यी आयोगहरूसँग पीडकलाई मुद्दा चलाउने र सजाय गर्ने वा प्रत्यक्ष रूपमा क्षतिपूर्ति दिने वा क्षतिपूर्तिका अन्य उपायहरू अपनाउने अधिकार छैन । दुवै आयोगले सरकारका अन्य निकाय वा न्यायिक निकाय अर्थात् प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय वा महान्यायधिवक्ताको कार्यालय आदिलाई त्यसो गर्नका लागि सिफारिस गर्न सक्छन् ।

**सम्झनुपर्ने कुरा :** बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनले जबरजस्ती करणी र यौनहिंसाका घटनाहरूमा पीडकहरूलाई आममाफी दिन नहुने भनेको छ, तर जबरजस्ती करणी समेतका मानव अधिकारहरूको गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा पीडित र पीडकबीच मध्यस्थता गर्न गराउन सकिने व्यवस्था छ । २०७९ चैत्र ५ मा सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्ने विधेयक संसदमा पेश गरेको थियो । यहाँ उल्लेखनीय कुरा के हो भने उक्त मसौदा विधेयकले कुनै पनि स्पष्ट औचित्य विना मानव अधिकारहरूको गम्भीर उल्लङ्घनका (जसमा जबरजस्ती करणी पनि समावेश छ) घटना र मानव अधिकारहरूको उल्लङ्घनका (जसमा अन्य यौन हिंसा समावेश छ) घटनालाई छुट्याएको छ । जबरजस्ती करणी बाहेकका अन्य यौन हिंसा, सोको प्रकृतिअनुसार, मानव अधिकारहरूको गम्भीर उल्लङ्घनमा पर्दछ (जसलाई अनुच्छेद ख१ मा पनि वर्णन गरिएको छ) र यी मुद्दाहरूलाई सम्बोधन गर्न विधेयकमा संशोधन गरिएन भने जस्तोसुकै गम्भीर प्रकृतिका यौन हिंसा पनि माफी लायक हुनेछ ।

---

१५ प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिअन्तर्गतको उपसमितिले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन संशोधन गर्ने विधेयक (तेस्रो संशोधन)का सम्बन्धमा पेश गरेको प्रतिवेदन, प्रस्ताव नम्बर ६ : "आयोगका अध्यक्ष र सदस्यहरू नियुक्त गरिसकेपछि यसले सार्वजनिक रुपमा पीडितहरू, वा तिनीहरूका प्रतिनि( धलाई एक पटकका लागि तीन महिनाको अवधि तोकी सशस्त्र द्वन्द्वकालमा भएका जबरजस्ती करणी र गम्भीर प्रकारका यौ न हिंसाका घटनाहरूबारे उजुरी दर्ता गर्न आह्वान गर्नेछ ।"

## ग.३ न्यायिक प्रक्रिया

सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनले बृहत शान्ति सम्झौताअनुसार द्वन्द्वकालीन मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्न गैरन्यायिक प्रक्रिया स्थापित गरेको छ। तर, नियमित फौजदारी प्रक्रियामा जाने विकल्प पनि रहेको छ। यस्तो अवस्थामा व्यक्तिले द्वन्द्वकालमा (२०५२ र २०६३ सालबीच) लागू हुने कानुनी व्यवस्था (अर्थात् मुलुकी ऐन २०२०) को सारभुत कानुनमा आधारित रहनुपर्ने हुन्छ (ग.३.१)। यससम्बन्धी प्रक्रियागत कानुनहरू फौजदारी कार्यविधि संहिता २०७५ अनुसार लिन सकिन्छ किनभने सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकमा सजायलाई विद्यमान कानुनअनुसार (सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन) नियमन गरिनेछ भनी उल्लेख गरिएको छ (ग.३.२)।

**स्मरण गर्नुपर्ने कुरा :** विद्यमान कानुनमा अझै पनि छिद्रहरू रहेका छन् जसले न्यायिक पहुँचमा अवरोध गर्दछ, जस्तै जबरजस्ती करणीको त्रुटिपूर्ण परिभाषा, पीडितले फौजदारी र देवानी प्रकृतिका उजुरीहरू दर्ता गर्नबाट रोक्ने अनावश्यक सीमित समयसीमा र पूर्ण एवं बृहत क्षतिपूर्तिको प्रत्याभूति नगर्ने कानुनी उपचार आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ। सम्बन्धित कानुनी व्यवस्थाहरू अन्तर्राष्ट्रिय कानुन र मापदण्डहरूसँग समेत बाझिएका छन्। यस अर्थमा, यस तथ्यपुस्तिकाले विद्यमान कानुनबारे जानकारी प्रदान गर्ने लक्ष्य मात्र राखेको छ, तर उल्लिखित त्रुटिहरूलाई ध्यानमा राख्दै वर्तमान कानुनमा संशोधन गर्नुपर्ने वा विशेष कानुन बनाउनुपर्ने कुरामा जोड दिन्छ।

### *ग.१.१ मुलुकी ऐन २०२०*

मुलुकी ऐन, २०२० मा जबरजस्ती करणी, यौनजन्य आशय र यौन उत्पीडनका कार्यहरूमा दण्डसजायको व्यवस्था रहेको छ।

**-जबरजस्ती करणी-**

मुलुकी ऐन, २०२० ले जबरजस्ती करणीलाई महिलाको मन्जुरीविना करणी गर्नु वा (...) मन्जुरी लिएर वा नलिइकन सोह्र वर्षभन्दा मुनिको बालिकालाई करणी गर्नु भनी परिभाषित गरेको छ।[१६]

**याद गर्नुपर्ने कुरा**

- डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिएको मञ्जूरीलाई मञ्जूरी मानिने छैन। होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जूरीलाई मञ्जूरी मानिने छैन।
- योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि जबरजस्ती करणी गरेको मानिनेछ।[१७]

यस ऐनले पीडितले भोगेको शारीरिक वा मानसिक क्षतिलाई विचार गरी पीडकबाट क्षतिपूर्ति भराउने व्यवस्था गरेको छ।[१८]

---

१६ मुलुकी ऐन २०२०, भाग ४, महल १४, नम्बर १।

१७ मुलुकी ऐन, महल १४, जबरजस्ती करणी, नम्बर १(ग) अनुसार, "योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिनेछ।"

१८ पूर्वोक्त., भाग ४, महल १४, नं. १०।

पीडितको उमेरका आधारमा पीडकलाई ५ देखि १५ वर्षसम्म जेल सजाय हुनसक्ने व्यवस्था छ। सामूहिक रूपमा जबरजस्ती करणी गरेको, गर्भवती महिलालाई जबरजस्ती करणी गरेको वा अपाङ्गता भएको महिलालाई जबरजस्ती करणी गरेको वा पीडकलाई आफूमा एचआईभी सङ्क्रमण (१ वर्षभन्दा बढी) छ भन्ने थाहा हुँदाहुँदै पनि करणी गरेको अवस्थामा यो सजायलाई वृद्धि हुनेछ।[१९]

यस ऐनले बालात्कार भएको ३५ दिनभित्रमा उजुरी दिनुपर्ने व्यवस्था गरेको छ।[२०]

**यौन आशय/यौन उत्पीडन/वेश्यावृत्ति**

मुलुकी ऐन २०२० ले कसैले कुनै महिलाको मञ्जूरी बिना निजको सम्बेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा, आफ्नो यौन सम्बन्धी अङ्ग निजलाई छुन, समाउन लगाएमा वा निजलाई अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द, संकेत प्रयोग गरेमा वा चित्र, तस्वीर देखाएमा, यौनका आशयले जिस्काएमा वा हैरानी दिएमा वा निजसँग यस्तै अन्य कुनै किसिमले अस्वभाविक व्यवहार गरेमा वा निजलाई करणीका आशयले समातेमा यौन दुर्व्यवहार गरेको मानिनेछ भनी परिभाषित गरेको छ। [२१]

यस कानुनले यस्ता घटनाका पीडकबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति समेत भराइदिनुपर्ने भनी उल्लेख गरेको छ। यसमा पीडकलाई ६ महिनादेखि २ वर्षसम्म कैद र १० हजार रूपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ।

**याद गर्नुपर्ने कुराः** संसदमा विचाराधीन रहेको मसौदाको रूपमा रहेको सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्ने विधेयकमा सजायसम्बन्धी व्यवस्थाहरू रहेका छन्। दफा २९(घ) सजायसम्बन्धी व्यवस्था (उफदफा १) मा भनिएको छ, "(दफा २९क बमोजिम, द्वन्द्वकालमा भएका मानवअधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी मुद्दाहरूको फैसला र किनारा लगाउने प्रयोजनका लागि मात्र स्थापित) विशेष अदालतले घटना भएको परिस्थिति, यसका कारण र सङ्क्रमणकालीन न्यायका सिद्धान्तहरूलाई ध्यानमा राखी प्रचलित कानुन (अर्थात् मुलुकी फौजदारी संहिता २०७४) मा व्यवस्था भएबमोजिमको सजाय घटाएर मानव अधिकारको गम्भीर उल्लङ्घनमा संलग्न व्यक्तिलाई सजाय तोक्नुपर्छ।"

सम्बन्धित व्यवस्थाहरूले महिलालाई कसैसँग वा अन्य कुनै व्यक्तिसँग अवैध यौनसम्पर्क राख्नका लागि फकाउने वा वेश्यावृत्तिका लागि सम्पर्क वा प्रबन्ध गर्ने कार्यलाई पनि निषेध गरेको छ।[२२]

---

१९ पूर्वोक्त., भाग ४, महल १४, नं. ३।

२० पूर्वोक्त., भाग ४, महल १४, नं. ११।

२१ पूर्वोक्त., भाग ४, महल १४, नं. १।

२२ पूर्वोक्त., भाग ४, महल १३, नं. ५

यस ऐन बमोजिम घटना सार्वजनिक भएको मितिले ३५ दिनभित्र उजुरी दर्ता गर्नुपर्ने व्यवस्था छ ।[२३]

**याद गर्नुपर्ने कुरा :** कानुनी उपचारका लागि यस कानुनमा भर पर्नु कठिन हुन्छ, किनभने विभिन्न पक्षहरूलाई हेर्दा यसमा कमी छ :

- जबरजस्ती करणी र यौन आशयको परिभाषाले पुरुषविरुद्ध कुनै पनि यौन हिंसा हुने सम्भावनालाई अस्वीकार गर्दछ ।
- यसले ३५ दिने समयसीमा स्थापित गर्दछ, यो अन्तर्राष्ट्रिय मापदण्डहरूसँग मेल नखानुका साथै यसले पीडितहरूले पाउनुपर्ने प्रभावकारी कानुनी उपचारको अधिकारलाई अस्वीकार गर्दछ । वास्तवमा, यति छोटो समयसीमाले पीडितलाई उजुरी दर्ता गर्न सहयोग गर्दैन । अझ द्वन्द्वको समयमा उजुरी दर्ता गर्नु स्वभाविक रूपमा नै कठिन हुन्छ । उजुरी दर्ता गर्ने यति छोटो समयावधि एकातिर छ, अर्कोतिर जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएर उजुरी दर्ता गराउनु पीडितहरूका लागि झनै गाह्रो हुन्छ, किनभने प्रायः पीडकहरू सशस्त्र फौज वा प्रहरीभित्रै कार्यरत हुन्छन् ।
- त्यसै गरी, यौन आशयको अपराधलाई व्यक्तिगत अपराधको कार्यअन्तर्गत सूचीकृत गरिएको छ, जसअनुसार राज्यले नभएर पीडित स्वयंले उजुरी दर्ता प्रक्रियाका लागि पहल गर्नुपर्छ, जुन उनीहरूका लागि अत्यन्तै कठिन हुन सक्छ ।

अन्तर्राष्ट्रिय कानुन र न्यायशास्त्रअनुसार, केही परिस्थितिहरूमा, यौन हिंसाले यातनालाई जनाउँछ ।[२४] तसर्थ, कसैको कार्य वा दाबीलाई यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ मा आधारित भएर अघि बढाउन सम्भव हुन सक्छ, जुन ऐन घटनाको समयमा पनि लागू थियो र जसले हिरासतमा[२५] दिइएका यातनाका पीडित (अर्थात् यौन हिंसा)[२६] लाई क्षतिपूर्ति प्रदान गर्दछ । तथापि, यो कार्य आशाहीन देखिन्छ, किनभने राष्ट्रिय कानुनले गृहयुद्धकालमा भएका यौन हिंसालाई यातनाको रूपमा पहिचान गर्दैन ।[२७]

त्यसै गरी, यस कानुनबमोजिम, पीडितलाई यातना दिएको मितिबाट वा निज हिरासत मुक्त भएको मितिबाट[२८] ३५ दिनभित्र ऐनमा व्यवस्था भएको कार्यविधि अपनाएर उजुरी दर्ता गर्नुपर्छ (यसको टिप्पणी पनि मुलुकी ऐन २०२० का लागि गरिएको टिप्पणी जस्तै हुन्छ) । सोहीअनुसार, द्वन्द्वका समयमा गरिएको भनिएका अपराधहरू उल्लेख गरी दर्ता गरिने कुनै पनि उजुरीमा समयसीमा लागू हुनेछ ।

### ग.१.२ फौजदारी कार्यविधि संहिता २०७५

फौजदारी कार्यविधि संहित २०७५ सन् २०१८ अगस्ट १७ बाट लागू भयो र यसले त्यस मितिदेखि उजुरी दर्ता गर्न अपनाउनुपर्ने कार्यविधिको विस्तृत विवरण प्रस्तुत गर्दछ ।

घटना भएको मितिबाट २ वर्षभित्र (पीडित नाबालक भए ३ वर्षभित्र) तथ्य, प्रमाण (कानुनबमोजिमको ढाँचा प्रयाग गरी) खुलाई जहेरी तयार गर्ने र यसलाई नजिकको प्रहरी कार्यालयमा लिखित, मौखिक वा विद्युतीय ढाँचामा पेश गर्ने ।

↓

यस्तो जाहेरी प्रहरी कार्यालयका सम्बन्धित अधिकृतले दर्ता गर्नुपर्छ र उजुरीकर्तालाई दर्ता रसिद उपलब्ध गराउनुपर्छ । त्यसपछि प्रहरीले कार्यालयको उजुरी पुस्तिकामा उजुरी दर्ता गर्नुपर्छ । उजुरी लिने कार्यालयले एक अनुसन्धान अधिकारी नियुक्त गरी वा उजुरीलाई सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा पठाउनुपर्छ ।

↓

प्रहरी कार्यालयले जाहेरी दर्ता गर्न नमानेमा माथिल्लो प्रहरी कार्यालयमा वा जिल्ला सरकारी वकिलको कार्यालयमा उजुरी गर्न सकिन्छ । यदि जाहेरी अझै पनि दर्ता गरिएन भने प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी गर्न सकिन्छ र निजले पनि दर्ता गर्न अस्वीकार गरेमा गृह मन्त्रालयमा उजुरी गर्न सकिन्छ । उजुरी दर्ता गर्ने नगर्ने भन्ने जानकारी मन्त्रालय वा प्रमुख जिल्ला अधिकारीले ३ दिनभित्र दिनुपर्नेछ ।

↓

उजुरी दर्ता भइसकेपछि अनुसन्धान अधिकृतले अनुसन्धान थाल्नुपर्छ, अभियोजन पत्र तयार गरी जिल्ला सरकारी वकिलको कार्यालयमा पठाउनुपर्छ, र जिल्ला सरकारी वकिलले सो मुद्दा जिल्ला अदालतमा दर्ता गर्नेछन् ।

↓

मुद्दा सुनिसकेपछि, पीडक दोषी ठहरिए अदालतले कैद सजाय तोक्नेछ र पीडितलाई क्षतिपूर्ति भराउनेछ ।

↓

जिल्ला सरकारी वकिलले मुद्दाको फाइल अध्ययन र प्रमाणहरू जाँच गरी उजुरीलाई अघि नबढाउने भनी निर्णय गरेको खण्डमा अनुसन्धान अधिकृतले सोबारे उजुरीकर्तालाई जानकारी दिनुपर्छ ।

तर व्यवहारमा यो कार्यविधि लागू गर्नु जटिल हुन सक्छ । त्यहाँ छिचोल्नुपर्ने कानुनी अवरोधहरू, विशेष गरी समयसीमाका सन्दर्भमा र व्यावहारिक अवरोधहरू, विशेष गरी जिल्ला प्रहरी कार्यालयले उजुरी दर्ता गर्न अस्वीकार गरेका धेरै घटना छन् (हेर्नुहोस्, अनुच्छेद ग.३.१) ।

## ग.२ राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८

त्यसै गरी, पीडित वा निजको तर्फबाट जो कोहीले पनि राष्ट्रिय मानव अधिकार आयोग समक्ष द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको मुद्दा पेश गर्न सक्छ। सुरुमा यस्ता मुद्दामा उजुरी दर्ताको म्याद ६ महिना[२९] भए पनि सन् २०१३ मा सर्वोच्च अदालतले हदम्यादको सीमा लागू नहुने फैसला गरेको थियो। [३०] उजुरी लिखित वा मौखिक रूपमा पेश गर्न सकिन्छ। त्यसपछि, राष्ट्रिय मानव अधिकार आयोगले सम्बन्धित अधिकारी वा निकायलाई यस्तो उल्लङ्घनका कार्य तुरुन्त रोक्न सिफारिस गर्न सक्छ।

कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भएको वा हुन सक्ने भनी अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगलाई जानकारी भएमा राष्ट्रिय मानव अधिकार आयोग आफैले छानविन वा अनुसन्धान गर्न सक्छ। राष्ट्रिय मानव अधिकार आयोगले "पीडितको अवस्थाका आधारमा" पीडितलाई अधिकतम ३ लाख रूपैयाँसम्म क्षतिपूर्ति भराउनु भनी सिफारिस गर्न सक्छ।[३१]

**याद गर्नुपर्ने कुरा :** राष्ट्रिय मानव अधिकार आयोगले गैरन्यायिक प्रक्रिया अवलम्बन गर्दछ र यससँग सिफारिसहरू गर्ने अधिकार मात्र रहेको छ। यसलाई उजुरीहरू दर्ता गर्नका लागि उपयोग गर्न सकिन्छ। तथापि, संसदमा विचाराधीन रहेको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन गर्ने विधेयकमा संसदीय उपसमितिले तीन महिनासम्मका लागि यौन हिंसाका मुद्दाहरू दर्ता गर्ने समय खोल्नुपर्ने व्यवस्था समावेश गर्न सुझाव गरेको छ र यदि संसदबाट यो पारित भयो भने राष्ट्रिय मानव अधिकार आयोगको तुलनामा सत्य निरूपण तथा मेलमिलाप आयोग द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका मुद्दाहरूमा सिफारिस गर्ने सबभन्दा उपयुक्त निकाय हुनेछ। उक्त संशोधन विधेयकले सिफारिस गरेअनुसार द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका मुद्दाहरूको उजुरी दर्ता गर्न एउटा विशिष्ट निकाय स्थापना भएपछि द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका मुद्दाहरू सिफारिस गर्नका लागि यो बढी उपयुक्त निकाय हुन सक्छ।

# घ नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका अन्तर्राष्ट्रिय पक्षहरू

## घ.१ द्वन्द्वसँग सम्बन्धित यौन हिंसामा अन्तर्राष्ट्रिय कानुन

थुप्रै अन्तर्राष्ट्रिय दस्तावेजहरूले द्वन्द्वसँग सम्बन्धित यौन हिंसालाई निषेध गर्दछन् । द्वन्द्वसँग सम्बन्धित यौन हिंसाविरुद्ध कारवाही चाल्नु राज्यको दायित्व हुनेछ भनेर विभिन्न सन्धिहरूले उल्लेख गरेका छन् । "समिति" भनेर स्थापना गरिएका संयन्त्रहरूले केही सन्धिहरूलाई अनुगमन गर्दछन्, जहाँ, केही निश्चित अवस्थाहरूमा, पीडितहरूले राज्यविरुद्ध उजुरी दर्ता गर्न सक्नेछन् । यदि कुनै उजुरी स्वीकारयोग्य छ भने, तथ्यप्रमाणको मूल्याङ्कन गरिसकेपछि (assessing merits) समितिले आफ्नो निर्णय गर्दछ, जसलाई निर्णय (Views) भनिन्छ, जसद्वारा राज्यले पूरा गर्नुपर्ने अन्तर्राष्ट्रिय दायित्वहरू उल्लङ्घन भएको छ कि छैन भनेर मूल्याङ्कन गर्दछ र यदि भएको छ भने क्षतिपूर्तिसँग सम्बन्धित उपायहरू अपनाउन सिफारिस गर्दछ ।

सामान्यतया, समितिले कुनै उजुरी स्वीकारयोग्य छ भनेर मान्नका लागि सम्बन्धित राज्यले सम्बन्धित सन्धिलाई अनुमोदन गरेको हुनुपर्छ र उक्त समितिको अधिकारलाई पनि स्वीकार गरेको हुनुपर्छ । प्रत्येक समिति समक्ष मुद्दा स्वीकारयोग्य हुनका लागि अन्य विभिन्न मापदण्ड छन्, जसलाई उजुरी दर्ता गर्नुअघि मूल्याङ्कन गरिनुपर्छ । मुख्य आवश्यकता भनेको के हो भने अन्तर्राष्ट्रिय स्तरमा कुनै उजुरी दर्ता गर्नुअघि पीडितले सबभन्दा पहिले, घरेलु कानुनी उपचारहरू प्रभावकारी, सफलताको यथार्थपरक सम्भावना भएको र प्रयोग गर्न अनावश्य रूपमा झन्झटिलो र लामो समय नलाग्ने भएको खण्डमा, घरेलु निकायहरूसमक्ष न्याय र क्षतिपूर्ति खोज्ने प्रयास गर्नुपर्छ, र सबै उपलब्ध कानुनी उपचारहरू प्रयोग गरेको हुनुपर्छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको कार्यान्वयनलाई निगरानी गर्ने र व्यक्तिगत उजुरी पनि स्वकार गर्नसक्ने अधिकार छ भनी नेपालले स्वीकार गरेकोघद्द मानव अधिकार समितिले जबरजस्ती करणी र यौन हिंसाका अन्य स्वरूपहरू यातना हुन सक्छ भनी मानेको छ ।

यातनालाई निषेध गर्ने अन्य सन्धिहरू, जस्तै यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, जसमा नेपाल पक्ष राष्ट्र रहेको छ, पनि द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका मुद्दाहरूका लागि सम्बन्धित छ । तथापि, नेपालले यस महासन्धिअन्तर्गतका उजुरी निगरानी गर्ने समितिको अधिकारलाई स्वीकार नगरेको हुनाले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका मुद्दाहरू यस महासन्धि समितिसमक्ष ल्याउन सकिँदैन ।

यस सन्दर्भमा, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि हेर्ने समितिसमक्ष पनि मुद्दा ल्याउन जटिल रहेको देखिन्छ । नेपालले यस महासन्धिलाई २०४८ वैशाख ९ गते अनुमोदन गरेको हो र २०६४ असार १ गते नेपालबाट व्यक्तिगत उजुरीहरू प्राप्त गर्ने यस महासन्धि समितिको अधिकारलाई स्वीकार गऱ्यो – जसको अर्थ द्वन्द्वसँग सम्बन्धित यौन हिंसा यस मितिभन्दा पछाडिमात्र भएको हुनुपर्छ वा यस मितिभन्दा पछाडिको द्वन्द्वसँग सम्बन्धित

हुनुपर्छ । नेपालमा अन्तरिक सशस्त्र द्वन्द्व २०६३ सालमा समाप्त भएको र त्यसपछि यौन हिंसासँग सम्बन्धित कुनै अभिलेख नभएको हुनाले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका मुद्दाहरू यस महासन्धि समितिमा लैजान योग्य हुने छैन वा २०६४ असार १ गतेभन्दा अघि भएका द्वन्द्वसँग सम्बन्धित यौन हिंसाबाट उत्पन्न भएका, तर अहिले कारवाही चलिरहेको उल्लङ्घनका घटनाहरू भनेर उल्लेख गर्न सकिन्छ (जस्तै : यदि कुनै पीडितले द्वन्द्वको समयमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसा भोगेको छ, तर यस यसको कानुनी उपचार खोज्ने वा पीडकहरूविरुद्ध मुद्दा चलाउने काम २०६४ असार महिनापछि मात्र सुरु गरी, सो कारवाही अझै पनि चलिरहेको अवस्था) ।

तलको सूचीले मानव अधिकारहरूसँग सम्बन्धित प्रमुख अन्तर्राष्ट्रिय सन्धिहरू प्रस्तुत गर्दछ, जसलाई नेपालले अनुमोदन वा स्वीकृत गरेको छ। साथै, नेपालले स्वीकार गरेको उजुरी संयन्त्रहरू पनि उल्लेख गर्दछ ।

<table>
<tr><th>सन्धि र इच्छाधीन आलेखहरू</th><th>अनुमोदन</th><th>उजुरी संयन्त्रलाई स्वीकार गरेको</th></tr>
<tr><td>सबै प्रकारका जातीय भेदभाव उन्मुलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५</td><td>१७ माघ, २०२७ मा अनुमोदन गरिएको</td><td>नेपालले अझै पनि उजुरीको संयन्त्रलाई स्वीकार गरेको छैन</td></tr>
<tr><td>नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, २०६६</td><td>३१ वैशाख २०४८ मा अनुमोदन गरिएको</td><td rowspan="2">३१ वैशाख २०४८ मा उजुरीको संयन्त्र स्वीकार गरेको</td></tr>
<tr><td>नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धअन्तर्गत मृत्युदण्ड उन्मुलन गर्न लक्षित दोस्रो इच्छाधीन आलेख, १९८९</td><td>२० फाल्गुन २०५४ मा अनुमोदन गरिएको</td></tr>
<tr><td>महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धि, १९७९</td><td>६ वैशाख २०४८ मा अनुमोदन गरिएको</td><td>१ असार २०६४ मा उजुरी संयन्त्र स्वीकार गरिएको</td></tr>
<tr><td>यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि १९८४</td><td>३१ वैशाख २०४८ मा अनुमोदन गरिएको</td><td rowspan="2">नेपालले अझै पनि उजुरीको संयन्त्रलाई स्वीकार गरेको छैन</td></tr>
<tr><td>क्याट महासन्धिको मानिसहरूलाई उनीहरूको स्वतन्त्रताबाट वञ्चित गरिएका ठाउँहरूको नियमित भ्रमण गर्ने प्रणाली स्थापनासँग सम्बन्धित इच्छाधीन आलेख, २००२</td><td>३१ वैशाख २०४८ मा अनुमोदन गरिएको</td></tr>
<tr><td>बालअधिकारसम्बन्धी महासन्धि, १९८९</td><td>२९ भाद्र २०४७ मा अनुमोदन गरिएको</td><td rowspan="3">नेपालले अझै पनि उजुरीको संयन्त्रलाई स्वीकार गरेको छैन</td></tr>
<tr><td>बालअधिकार महासन्धिको बालबालिकालाई सशस्त्र द्वन्द्वमा सामेल गर्नेसम्बन्धी इच्छाधीन आलेख, २०००</td><td>१९ पुष २०६३ मा अनुमोदन गरिएको</td></tr>
<tr><td>बालअधिकार महासन्धिको बालबालिकाको बिक्री, बाल वेश्यावृत्ति तथा बाल अश्लीलतासम्बन्धी इच्छाधीन आलेख, २०००</td><td>७ माघ २०६२ मा अनुमोदन गरिएको</td></tr>
<tr><td>अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६</td><td>२४ वैशाख २०६७ मा अनुमोदन गरिएको</td><td>२४ वैशाख २०६७ मा उजुरी संयन्त्र स्वीकार गरिएको</td></tr>
</table>

द्वन्द्वसँग सम्बन्धित यौन हिंसा (विशेष गरी, जबरजस्ती करणी) लाई अन्य अन्तर्राष्ट्रिय सन्धिहरूले निषेध गरेको छ, जस्तै अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम घोषणा, जसलाई नेपालले अझै

अनुमोदन गरेको छैन र चारवटा जेनेभा महासन्धिहरू । तथापि, यी कुनै पनि सन्धिले उजुरी संयन्त्र स्थापना गरेको छैन जसलाई यौन हिंसाका पीडितले क्रियाशील बनाउन सकून् ।

यौन हिंसाका उजुरीहरू संयुक्त राष्ट्रसङ्घका अन्य संयन्त्रहरूमा पनि पेश गर्न सकिन्छ, जसलाई विशेष संयन्त्र ९क्उभअर्ष्बा एचयअभमगचभ० भनिन्छ । नेपालमा जनताले न्याय पाउन नसक्ने अवस्थामा यस्ता फोरमको प्रयोग गरी मुद्दालाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन र पीडितको अधिकारको सम्मान गर्दै क्षतिपूर्ति दिन सरकारलाई दबाब दिन सकिन्छ । यद्यपि, विशेष संयन्त्रले राज्यलाई उनीहरूको अन्तर्राष्ट्रिय दायित्वहरूको उल्लङ्घनका लागि जवाफदेही बनाउन सक्दैन (अर्थात्, तिनीहरू न्यायिक वा अर्ध न्यायिक निकाय होइनन्), न त तिनीहरू व्यक्तिगत पीडकलाई नै जवाफदेही बनाउन सक्छन् (अर्थात्, तिनीहरू अन्तर्राष्ट्रिय फौजदारी अदालतहरू होइनन्), न पीडितलाई क्षतिपूर्ति भराउन सक्छन् (तिनीहरूले सिफारिस गर्न सक्छन्, तर यो कार्य अन्ततः राज्यको इच्छामा भर पर्दछ) ।

## घ.२ नेपालमा अन्तर्राष्ट्रिय न्यायशास्त्र

संयुक्त राष्ट्रसंघको मानव अधिकार समितिमा निवेदन दर्ता गर्नुअघि प्रत्येक पीडितले निजको मुद्दालाई सर्वप्रथम घरेलु अदालतहरूमा (घरेलु कानुनी उपचार उपभोगसम्बन्धी नियम अनुसार) पेश गर्नुपर्छ । राष्ट्रिय अदालतहरूबाट गरिने फैसलाहरूको अप्रभावकारिता (विशेष गरी सजाय र क्षतिपूर्तिका सम्बन्धमा) वा ३५ दिने हदम्याद सीमाका कारण सहायतामा पहुँच नहुँदा पीडितहरूले आफ्नो उजुरीलाई अन्तर्राष्ट्रिय तहमा लैजानुपरिरहेको हुन्छन् ।

नेपालले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका चारवटा मुद्दाहरूमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धअन्तर्गत प्रत्याभूति गरिएका अधिकारहरूको उल्लङ्घन गरेको थियो भन्ने मानव अधिकार समितिको ठहर रहेको छ ।

| मिति | मुद्दा | उल्लङ्घन भएका अधिकारहरू | सिफारिस गरिएका क्षतिपूर्तिका उपायहरू |
|---|---|---|---|
| २०१७ | पूर्णमाया विरुद्ध नेपाल | ▪ यातना दिन नहुने<br>▪ स्वतन्त्र र सुरक्षित जीवन जिउने<br>▪ भेदभाव गर्न नहुने | **मुद्दाको सम्बन्धमा**<br>▪ उजुरीकर्ताद्वारा पेश गरिएका तथ्यप्रमाण, विशेष गरी उनीसँग भएगरेका व्यवहारबारे विस्तृत र प्रभावकारी अनुसन्धान गर्ने;<br>▪ उल्लङ्घनका लागि जिम्मेवार व्यक्तिहरूलाई अभियोजन, मुद्दा चलाउने र दण्डित गर्ने जस्ता उचित कारवाही अपनाउने;<br>▪ अनुसन्धानका नतिजाको बारेमा विस्तृत निवेदकलाई विस्तृत जानकारी दिने ।<br>▪ निवेदकलाई कुनै पनि आवश्यक मनोवैज्ञानिक पुनर्स्थापना र औषधि उपचार पर्याप्त मात्रामा नि:शुल्क प्रदान गरिएको सुनिश्चित गर्ने;<br>▪ उल्लङ्घनका घटनाहरूबाट निवेदनले भोग्नुपरेको हानि र क्षतिका लागि पर्याप्त क्षतिपूर्ति र सन्तुष्टिका उपयुक्त उपायहरू उपलब्ध गराउने ।<br>- यातनाका कारण भएका चोटपटकको उपचारमा लागेका खर्चको प्रतिपूर्ति समेत प्रदान गर्ने (पूर्णमायालाई);<br>- छुट्टै निजी अवसरको आयोजना गरी आधिकारिक माफी माग्ने व्यवस्था गर्ने (फुलमती न्याय र देवीमाया);<br>- आधिकारिक माफी माग्ने र आरआरको नाममा स्मारक बनाउने ।<br>**कानुनको सम्बन्धमा :**<br>▪ यातनालाई अपराधीकरण गर्ने र अपराधको गम्भीरतासँग मिल्दोजुल्दो उपयुक्त सजाय र कानुनी उपचार को व्यवस्था गर्ने;<br>▪ जबरजस्ती करणीको उजुरी दर्ता गर्ने ३५ दिने हदम्यादको सीमा खारेज गर्ने;<br>▪ जबरजस्ती करणी र यौन हिंसाका अन्य स्वरूपहरूको परिभाषालाई अन्तर्राष्ट्रिय मापदण्डहरूअनुरूप बनाउने;<br>▪ जबरजस्ती करणी, अन्य प्रकारका यौन हिंसा र यातनाका घटनामा शीघ्र, निष्पक्ष र प्रभावकारी अनुसन्धान गरिने प्रत्याभूति गर्ने;<br>▪ नेपालको सशस्त्र द्वन्द्वको सन्दर्भमा महिला तथा बालिकाहरूमाथि भएगरेका जबरजस्ती करणी र अन्य प्रकारका यौन हिंसाका पीडितहरूले उजुरी दर्ता गर्ने र न्याय तथा क्षतिपूर्तिमा प्रभावकारी पहुँच पाउने कुरामा बाधा पुऱ्याउने अवरोधहरूलाई हटाउने (यातनाको रूपमा), साथै त्यस्ता अपराधहरूको गम्भीर ताअनुसार हदम्यादको सीमा उल्लेख्य बढाउने ।<br>**निर्णय वा फैसलाका सम्बन्धमा :**<br>▪ हालको निर्णयहरू (Views) राज्यको आधिकारिक भाषामा प्रकाशन गर्ने र वृहतरूपमा वितरण गर्ने । |
| २०१९ | फुलमती न्याय विरुद्ध नेपाल | ▪ यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गर्न नहुने<br>▪ जबरजस्ती श्रम गराउन नहुने<br>▪ स्वतन्त्र र सुरक्षित जीवन जिउने<br>▪ भेदभाव गर्न नहुने | |
| २०२१ | देवीमाया विरुद्ध नेपाल | ▪ यातना, क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा सजाय गर्न नहुने<br>▪ सम्मान वा प्रतिष्ठामा गैरकानूनी आक्रमण गर्न नहुने<br>▪ पीडितको पारिवारिक जीवन र विवाहमा बाधा पुऱ्याउन नहुने<br>▪ गोपनीयताको अधिकार<br>▪ भेदभाव गर्न नहुने | |
| २०२२ | आरआर विरुद्ध नेपाल | ▪ जीवनको अधिकार<br>▪ यातना तथा क्रूर अमानवीय र अपमानजनक व्यवहार वा सजाय गर्न नहुने<br>▪ स्वतन्त्र र सुरक्षित जीवन जिउने<br>▪ भेदभाव गर्न नहुने | |

प्रत्येक मुद्दामा, मानव अधिकार (HRC) ले उपचारका विभिन्न उपायहरू सुझाएको थियो, जुन आजसम्म धेरै हदसम्म कार्यान्वयन हुन सकेको छैन । उदाहरणका लागि, पीडितलाई पहिचान गरी कारवाही गर्न कुनै अनुसन्धान गरिएको छैन । यीमध्ये कुनै पनि पीडितले क्षतिपूर्ति वा पुनर्स्थापना (जस्तै औषधि उपचार वा मनोवैज्ञानिक सहयोग, साथै सामाजिक तथा कानुनी सेवाहरू) पाएका छैनन् । लागू हुने कानुनलाई संशोधन गरिएको भए पनि (तल हेर्नुहोस्), यो त्रुटिपूर्ण छ, विशेष गरी हदम्यादको सीमा सम्बन्धमा, जुन अझै पनि अन्तर्राष्ट्रिय मापदण्डहरूसँग बाझिएको छ । कुनै पनि निर्णयहरूलाई नेपालीमा अनुवाद वा व्यापकरूपमा प्रवाह गरिएको छैन ।

# ङ. संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का प्रस्तावहरू १३२५ र १८२० लाई एकीकृत गर्नेका लागि विकास गरिएका राष्ट्रिय कार्ययोजनाहरू

**सम्झनुपर्ने कुरा :** द्वन्द्वको रोकथाम तथा समाधानका साथै शान्ति निर्माणमा समेत महिलाले खेल्ने महत्वपूर्ण भूमिकालाई दृष्टिगत गर्दै सन् २००० अक्टोबर ३१ मा पारित भएको संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्ने, यस्ता प्रक्रियाहरूमा महिलाको समान एवं पूर्ण सहभागिता प्रवर्द्धन गर्ने, निर्णय कार्यमा उनीहरूको भूमिकालाई सुदृढ बनाउने र महिला तथा बालिकाहरूको संरक्षण एवं सहभागिता सुनिश्चित गर्न प्रकावकारी संयन्त्रहरू निर्माण गर्नेजस्ता विषयमा केन्द्रित रहेको छ। सन् २००८ जुन १९ मा पारित भएको प्रस्ताव नं. १८२० ले द्वन्द्व एवं सङ्क्रमणकालीन अवधिमा लैगिक तथा यौन हिंसाबाट प्रभावित बालिका र महिलाको संरक्षणमा जोड दिँदै पीडित/प्रभावितहरूको आवश्यकतालाई सम्बोधन गर्ने, यौन हिंसाका लागि शून्य सहनशीलता नीति प्रवर्द्धन गर्ने र यौन हिंसा रोक्ने कुरामा केन्द्रित रहेको छ।

**पहिलो राष्ट्रिय कार्ययोजना (२०६७/६८ देखि २०७१/७२)।**

यस पहिलो राष्ट्रिय कार्ययोजनाका मुख्य प्राथमिकताहरूमा निर्णय कार्यमा महिला सहभागिता वृद्धि गर्ने, महिला तथा बालिकालाई यौन तथा लैङ्गिक हिंसाबाट संरक्षण गर्ने र दण्डहीनताको अन्त्य गर्ने थियो। तथापि, द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूको जीवनमा कुनै अर्थपूर्ण बदलाव नल्याइकन यस कार्ययोजना २०७२ मा समाप्त भयो।

**दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८० देखि २०८१/२०८२)**

पहिलो राष्ट्रिय कार्ययोजनाको परिपूरकको रूपमा आएको दोस्रो कार्ययोजना देहायका उद्देश्यहरूमा केन्द्रित रहेको छ, जसलाई स्तम्भअनुसार परिभाषित गरिएको छ :

१. **सहभागिता :** नीति निर्माण, शान्ति निर्माण र विकासका प्रक्रियाहरूमा महिलाहरूको समतामूलक, समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

२. **संरक्षण तथा रोकथाम :** शारीरिक, मानसिक र यौन हिंसाबाट महिला र बालबालिकाहरूको संरक्षण सुनिश्चित गर्ने र त्यस्ता हिंसा रोक्न प्रभावकारी उपायहरू अवलम्बन गर्ने।

३. **राहत तथा पुनर्लाभ :** द्वन्द्वको समयमा हिंसाबाट प्रभावित भएका महिला तथा बालबालिकाहरूका लागि राहत तथा पुनर्लाभको व्यवस्था गर्ने।

४. **क्षमता विकास, स्रोत व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन :** दोस्रो कार्ययोजना कार्यान्वयन गर्न सबै सरोकारवाला निकायको क्षमतालाई सुदृढ गर्ने र आवश्यक स्रोतसाधनको सुनिश्चित गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउने।

दोस्रो कार्ययोजनालाई राष्ट्रिय, प्रदेश र स्थानीय तहमा देहायअनुसार विभिन्न समितिहरूले कार्यान्वयन गर्नेछन् :

समन्वय गर्ने र निर्देशन दिने

### राष्ट्रिय निर्देशक समिति

- नीतिगत व्यवस्था गर्ने
- कार्ययोजनाको कार्यान्वयनका लागि श्रोत व्यवस्थापन गर्ने

कामको व्यवस्थापन गर्ने

### राष्ट्रिय समन्वय सचिवालय

- राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा समन्वय कार्यमा सहजीकरण गर्ने ।
- अर्धवार्षिक र वार्षिक प्रतिवेदनहरू तयार गर्ने
- नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने
- जानकारीमूलक सामग्री प्रकाशन गर्ने

*वार्षिक प्रतिवेदन पेश गर्ने*

### प्रदेश निर्देशक समिति

- प्रदेश तहमा राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन गर्ने र सोको समीक्षा तथा मूल्याङ्कन गर्ने
- क्षेत्रगत योजना तथा कार्यक्रममा राष्ट्रिय कार्ययोजनालाई समावेश गर्ने
- कार्यशाला र छलफलहरूको आयोजना गर्ने
- राष्ट्रिय निर्देशक समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने

कामको व्यवस्थापन गर्ने

### प्रदेश समन्वय सचिवालय

- राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका जिम्मेवार निकायहरूबीच समन्वय गर्ने
- प्रदेश तहमा राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि समन्वयलाई सहजीकरण गर्ने
- अर्धवार्षिक र वार्षिक प्रतिवेदनहरू तयार गर्ने
- नियमित अनुगमन तथा मूल्यांकन गर्ने
- जानकारीमूलक सामग्री प्रकाशन गर्ने

*प्रगति विवरण पेश गर्ने र सुझावहरू दिने*

### जिल्ला निर्देशक समिति

- राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन सम्बन्धमा स्थानीय तहहरूबीच समन्वय गर्ने ।

*दोस्रो राष्ट्रिय कार्ययोजना अधिक प्रभावकारी र चुस्त तरिकाले कार्यान्वयन भएको सुनिश्चित गर्न सबै सरोकारवाला (समिति मन्त्रालय, निकाय, सङ्घसंस्था आदि) हरूले राष्ट्रिय समन्वय सचिवालय र प्रदेश समन्वय सचिवालयको सुपरिवेक्षणमा रही एकअर्कोसँग सञ्चार र समन्वय गर्नुपर्छ ।*

*प्रतिवेदन पेश गर्ने र सुझावहरू दिने*

### कार्ययोजना कार्यान्वयनका लागि स्थानीय समिति

- स्थानीय तहमा राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने र सोको मूल्याङ्कन गर्ने
- स्थानीय तहका क्षेत्रगत विभागकार्ययोजना तथा कार्यक्रमहरूमा राष्ट्रिय कार्ययोजनालाई समावेश गर्ने
- राष्ट्रिय, प्रदेश र जिल्ला निर्देशक समितिहरूको निर्णय कार्यान्वयन गर्ने

प्रत्येक समितिको संरचनाबो बारेमा तल तालिकामा प्रस्तुत गरिएको छ ।

| समिति | संरचना |
|---|---|
| **राष्ट्रिय निर्देशक समिति** | संयोजक :<br>■ गृह मन्त्रालय<br>सदस्यहरू :<br>■ राष्ट्रिय योजना आयोगका सदस्य (महिला तथा बालबालिका जिम्मेवारी भएको)<br>■ सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (मानव अधिकार जिम्मेवारी भएको)<br>■ सचिव, गृह मन्त्रालय<br>■ दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि जिम्मेवारी तोकिएका मन्त्रालयका सचिवहरू<br>■ द्वन्द्व प्रभावित महिलाबाट राष्ट्रिय निर्देशक समितिले मनोनित गरेको दुई जना प्रतिनिधि<br>बैठकहरूमा आमन्त्रित हुने सदस्यहरू :<br>■ संयुक्त राष्ट्रसङ्घको आवासीय संयोजकको कार्यालय प्रतिनिधि<br>■ विकास साझेदार संस्थाका प्रतिनिधिहरू<br>■ सम्बन्धित क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू<br>■ अन्य पदाधिकारी र विज्ञहरू<br>सदस्य सचिव :<br>■ सहसचिव, गृह मन्त्रालय (सम्बन्धित विषय वा क्षेत्र हेर्ने) |
| **राष्ट्रिय समन्वय सचिवालय** | संयोजक :<br>■ सहसचिव, गृह मन्त्रालय |
| **प्रदेश निर्देशक समिति** | संयोजक :<br>■ गृह प्रशासन/शान्ति तथा सुरक्षा हेर्ने प्रदेश मन्त्रालयका मन्त्री (सम्बन्धित मन्त्रालय र निकायका पदाधिकारीहरू)<br>बैठकहरूमा आमन्त्रित हुने सदस्यहरू :<br>■ सम्बन्धित संस्था तथा गैरसरकारी संस्थाका प्रतिनिधि<br>■ संयुक्त राष्ट्रसङ्घका प्रतिनिधि<br>■ विकास साझेदार संस्थाका प्रतिनिधि<br>■ विषयगत विज्ञ<br>सदस्य सचिव :<br>■ गृह प्रशासन/शान्ति तथा सुरक्षा हेर्ने प्रदेश मन्त्रालय |
| **प्रदेश समन्वय सचिवालय** | संयोजक :<br>■ गृह प्रशासन, शान्ति तथा सुरक्षा हेर्ने मन्त्रालय, सम्बन्धित मन्त्रालयका सचिवले नियुक्त गरेका उपसचिव र पदाधिकारीहरूको संयोजकत्वमा |

| समिति | संरचना |
|---|---|
| **जिल्ला निर्देशक समिति** | संयोजक :<br>▪ जिल्ला समन्वय समिति प्रमुख (कार्ययोजना कार्यान्वयन गर्दा प्रमुख जिल्ला अधिकारीसँग समन्वय गर्ने)<br>सदस्यहरू :<br>▪ सम्बन्धित निकायका पदाधिकारीहरू<br>▪ सङ्घसंस्थाहरू |
| **राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने स्थानीय समिति** | संयोजक :<br>▪ गाउँपालिका/नगरपालिका प्रमुख |

**सम्झनुपर्ने कुरा :** पहिलो राष्ट्रिय कार्ययोजनाभन्दा दोस्रो राष्ट्रिय कार्ययोजनामा केही सुधार देखिन्छ । दोस्रो राष्ट्रिय कार्ययोजनाले राहत, पुनर्लाभ तथा पुनर्स्थापनाका कार्यक्रमहरू तर्जुमा र कार्यान्वयनमा द्वन्द्व प्रभावित महिलाहरूको प्रत्यक्ष एवं अर्थपूर्ण सहभागिताको परिकल्पना गरेको छ। सोसँगै, द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित तथा प्रभावित महिला र बालिकाहरूका आवश्यकताहरू पहिचान गरी समग्र तरिकाले सम्बोधन गर्ने र सबै तहमा महिलाहरूको समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने लक्ष्य लिएको छ । तथापि, दोस्रो राष्ट्रिय कार्ययोजनाले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको हकमा अनुसन्धान, अभियोजन र सजाय गर्ने कुरामा जवाफदेहिता प्रवर्द्धन गर्ने विषयमा कुनै व्यवस्था गरिएको छैन ।

# च द्वन्द्वसँग सम्बन्धित यौन हिंसामा क्षतिपूर्तिका सम्भावित माध्यम वा उपायहरू

माथिको जानकारीका आधारमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूले आफूले भोगेका हिंसाको सम्बोधनका लागि निम्न उपायहरू अपनाउन सक्छन् :

| | |
|---|---|
| हिंसाका पीडकलाई मुद्दा चलाउने | • सम्बन्धित प्रहरी कार्यालयमा जाहेरी दिने । ध्यान दिनुपर्ने कुरा के हो भने हदम्यादको सीमा देखाउँदै नेपाल प्रहरीले सामान्यतया उजुरीहरू स्वीकार गर्दैन । तथापि, के तर्क गर्न सकिन्छ भने द्वन्द्वसँग सम्बन्धित यौन हिंसाबारे अन्तर्राष्ट्रिय सिद्धान्तहरूका आधारमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उजुरी र अनुसन्धानलाई हदम्यादको सीमाभित्र सीमित गरिनुहुँदैन । सम्बन्धित नेपाल प्रहरी चौकी (धेरैजसो अवस्थामा पीडितकै जिल्लामा रहेका चौकी)लाई द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको परिचय थाहा हुनेछ, तर परिचय सार्वजनिक नहोस् भनेर उजुरीलाई उपनाम राखेर दर्ता गराउन सकिन्छ ।<br>• घरेलु/राष्ट्रिय निकायहरूले पीडकलाई कारवाहीको दायरामा ल्याउन नसकेको अवस्थामा, उजुरी संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार निकायसमक्ष दर्ता गर्न सकिन्छ (जस्तै मानव अधिकार समिति र विशेष संयन्त्र, जसले पीडितबाट अपराधका लागि गरिएको कारवाहीको मागलाई सम्बोधन गर्न सरकारसमक्ष सिफारिस गर्नेछ (यद्यपि, यस सिफारिसको कार्यान्वयन घरेलु निकायमा निर्भर रहन्छ) ।<br>• यदि पीडकहरू विश्वव्यापी क्षेत्राधिकारको सिद्धान्तअन्तर्गत द्वन्द्वसँग सम्बन्धित यौन हिंसाविरुद्ध मुद्दाको पक्षमा रहेका अन्य कुनै देशमा छन् भने ती देशमा पनि मुद्दा चलाउन सकिन्छ । |
| क्षतिपूर्ति प्राप्त गर्ने | • यदि सत्य निरूपण तथा मेलमिलाप विधेयक द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उजुरीहरू दर्ता गर्न पाउने व्यवस्थासहित पारित भयो भने सत्य निरूपण तथा मेलमिलाप आयोगमा आफ्नो मुद्दाहरू दर्ता नगरेकाहरूले आफ्नो मुद्दाहरू फेरि दर्ता गरी पीडितहरूको राष्ट्रिय सूचीमा दर्ता हुनेछन्, जुन भविष्यमा क्षतिपूर्ति प्राप्त गर्ने खुला ढोका हुन सक्छ ।<br>• राष्ट्रिय कार्ययोजना अन्तर्गत स्थानीय सरकारमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूलाई उपलब्ध सुविधाहरूबारे बुझ्नका लागि स्थानीय जनप्रतिनिधिहरू अर्थात् उपमेयर वा उपाध्यक्ष वा कार्यकारी समितिका महिला सदस्यसँग भेट गरेर कुराकानी गर्ने । यो प्रत्येक स्थानीय सरकारबीच फरक हुन सक्नेछ र यसमा विभिन्न प्रकारका सहयोग, जस्तै औषधि उपचार वा मनोसामाजिक सहयोग, जीविकोपार्जन सहयोगका लागि सीप तथा तालिम आदि हुन सक्छन् । वैकल्पिक रूपमा, द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूले आफ्नो समुदायमा रहेको पीडितहरूको नेतृत्व गर्ने व्यक्तिसँग सम्पर्क गर्न पनि सक्नेछन्, जसले तिनीहरूको तर्फबाट स्थानीय निकायका प्रतिनिधिहरूसँग भेटघाट गरेर कुरा गर्न सक्नेछन् । |

## हाम्रो कामलाई समर्थन गर्नुहोस् !

ह्युमन राइट्स एंड जस्टिस सेन्टर
सनराइज बैंक एल.टी.डी
००२०३८८२४७७०१००१

## सुझाव


+९७७ ९८१९०३३४९५
contact@hrjc.org.np
http://www.hrjc.org.np
https://tinyurl.com/2ym9byf2
https://www.facebook.com/HRJCNepal/

## ठेगाना

ज्वागल-१०, कुपण्डोल,
ललितपुर, नेपाल